ब्रिटिस गोर्खा नेपाली नागरिकता निरनतरता अभियान-बेलायत/नेपाल
British Gurkha Nepali Citizenship Continuation Campaign-UK/Nepal

# ब्रिटिस गोर्खा तथा तिनका सन्तानहरूको वंशजको नागरिकता निरन्तरता सम्बन्धमा:

## १.पृष्ठभूमि:

ब्रिटिस गोर्खाहरू ऐतिहासिक सन्धिहरूको आधारमा नेपाली नागरिकको हैसियतमा ब्रिटिस सेनामा भर्ती भएका व्यक्तिहरू हुन । सन १९४७ को त्रिपक्षीय सन्धि (नेपाल-बेलायत-भारत) ले यस सम्बन्धलाई औपचारिक तथा राज्य-मान्यता प्राप्त संस्थागत आधार प्रदान गरेको स्पष्ट छ। त्यसैले उनीहरूको विदेशी नागरिकता व्यक्तिगत आप्रवासनको परिणाम नभई राज्य-स्वीकृत सैन्य सेवाबाट उत्पन्न विशेष ऐतिहासिक तथा संस्थागत परिस्थितिको परिणाम हो भन्ने तथ्य स्थापित हुन्छ।

एंग्लो-नेपाल युद्ध (१८१४-१८१६) पश्चात् सम्पन्न सुगौली सन्धि (१८१६) पछि गोर्खा भर्ती औपचारिक रूपमा प्रारम्भ भई दीर्घकालीन संस्थागत अभ्यासको रूपमा विकसित भएको हो। सन् १९४७ को त्रिपक्षीय सन्धि (नेपाल-बेलायत-भारत) पश्चात् गोर्खाहरू बेलायत र भारतका सेनामा विभाजित भई सेवा गर्दै आएका छन्, जसले यस व्यवस्थालाई राज्य-मान्यता प्राप्त ऐतिहासिक तथा संस्थागत संरचनाको रूपमा स्पष्ट रूपमा स्थापित गरेको छ।

विश्व युद्धहरूमा गोर्खाहरूले प्रदर्शन गरेको साहस, अनुशासन र अतुलनीय बलिदानले नेपाललाई अन्तर्राष्ट्रिय स्तरमा परिचित गराउन महत्वपूर्ण भूमिका खेलेको छ। यस योगदानले नेपालको विश्वव्यापी प्रतिष्ठा तथा राष्ट्रिय पहिचान निर्माणमा निर्णायक प्रभाव पारेको तथ्य निर्विवाद छ। यस्तो विशिष्ट ऐतिहासिक योगदान, राज्य-सम्बद्ध सेवा तथा संस्थागत रूपमा स्थापित सम्बन्धलाई बेवास्ता गर्दै उनीहरूलाई सामान्य आप्रवासीसरह व्यवहार गर्नु न त न्यायसंगत हुनेछ, न त वर्तमान संवैधानिक मूल्य, ऐतिहासिक यथार्थ तथा नीतिगत सिद्धान्तसँग सुसंगत हुनेछ।

## २.नागरिकता निरन्तरताको संवैधानिक तथा कानुनी:
**औचित्य:**

हालको संबैधानिक र कानुनी व्यवस्थाका कारण ब्रिटिस गोर्खा र तिनका सन्तानलाई नेपाली वंशजको नागरिकता निरन्तरताबाट वञ्चित गरिने अवस्था उत्पन्न हुनु संवैधानिक मूल्य, ऐतिहासिक यथार्थ तथा नैसंगिक अधिकारसँग असंगत ठहरिन्छ। नागरिकतालाई केवल कानुनी हैसियतको रूपमा सीमित नगरी पहिचान, संस्कृति र समुदायसँगको अविच्छिन्न सम्बन्धका रूपमा बुझिनु संवैधानिक दृष्टिले आवश्यक हुन्छ

। यस सन्दर्भमा, ब्रिटिस गोर्खाहरू नेपाली भाषा, संस्कृति र राष्ट्रिय पहिचानसँग गहिरो रूपमा आबद्ध रहेको तथ्यलाई दृष्टिगत गर्दै उनीहरूको वंशजको नागरिकता निरन्तरता सुनिश्चित गर्नु राज्यको स्पष्ट कानुनी तथा नैतिक दायित्व हो।

**(१) नागरिकताको संबैधानिक अधिकार:**

नेपालको संविधानले प्रत्येक नेपालीलाई नागरिकताको अधिकार सुनिश्चित गरेको छ। ब्रिटिस गोर्खा तथा तिनका सन्तानलाई वंशजको नागरिकता निरन्तरताबाट वञ्चित गर्नु संविधानको मूल मर्म तथा नागरिकताको अधिकारमाथिको उल्लङ्घन हो । वंशजको नागरिकता रगत, पहिचान र ऐतिहासिक निरन्तरतासँग जोडिएको संवैधानिक व्यवस्था भएकाले, केवल विदेशी नागरिकता प्राप्त भएको आधारमा यस्तो सम्बन्ध समाप्त भएको मान्नु संविधानको भावनासँग मेल खाँदैन । त्यसैले ब्रिटिस गोर्खाहरूलाई वंशजको नागरिकताबाट वञ्चित गर्नु मौलिक हक अन्तर्गत धारा १८ द्वारा सुनिश्चित समानताको हक विपरीत ठहरिन्छ। साथै, नागरिकता आधारभूत मानवअधिकार भएकाले यसबाट वञ्चित गर्नु व्यक्तिको पहिचान, गरिमा र राष्ट्रसँगको सम्बन्धमा प्रत्यक्ष र गम्भीर असर पार्ने कार्य हो, जुन अन्तर्राष्ट्रिय मानवअधिकारका स्थापित मान्यताविपरीत हुनेछ।

**(२)ऐतिहासिक दायित्व र वैध अपेक्षा:**

गोर्खा भर्ती राज्यको सहमति र सन्धिमा आधारित भएकाले त्यसबाट उत्पन्न नागरिकता सम्बन्धी समस्याको समाधान गर्नु राज्यको स्पष्ट दायित्व हो । राज्य-मान्यता प्राप्त व्यवस्था अन्तर्गत सेवा गरेका ब्रिटिस गोर्खाहरूले आफ्नो वंशजको नागरिकता सुरक्षित रहने वैध अपेक्षा राख्नु कानुनी रूपमा संरक्षित सिद्धान्त हो ।

**(३)विशिष्ट ऐतिहासिक समुदायको मान्यता:**

ब्रिटिस गोर्खाहरू एक विशिष्ट ऐतिहासिक समुदाय हुन्, जसको विदेशी नागरिकता राज्य-सम्बद्ध सैन्य सेवाबाट उत्पन्न भएको हो । उनीहरूको नेपालसँगको सामाजिक, सांस्कृतिक तथा भावनात्मक सम्बन्ध अविच्छिन्न रूपमा कायम रहेको छ। अन्तर्राष्ट्रिय अभ्यासले समेत यस्ता समुदायका लागि विशेष कानुनी व्यवस्था आवश्यक हुने देखाउँछ। यसका अतिरिक्त ब्रिटिस गोर्खा समुदायले रेमिट्यान्स, लगानी, पर्यटन तथा सामाजिक विकासमार्फत नेपालको अर्थतन्त्रमा उल्लेखनीय योगदान पुर्‍याउँदै आएका छन्। शिक्षा, स्वास्थ्य र समुदाय विकासमा उनीहरूको योगदानलाई दृष्टिगत गर्दा उनीहरूको अधिकार सुनिश्चित गर्नु नीतिगत रूपमा समेत आवश्यक देखिन्छ।

**३.संवैधानिक संशोधन प्रस्ताव:**

भाग २ "नागरिकता" मा छुट्टै धारा थप गरि देहाय बमोजिमको ब्यबस्था गर्ने।

**प्राबधानको प्रस्ताव:**

(१) वंशजको आधारमा नेपाली नागरिकता प्राप्त गरेका ब्रिटिस गोर्खाहरूले ब्रिटिस सेनामा सेवा तथा योगदानकाकारण प्राप्त गरेको आवासीय भिसा, अंगीकृत नागरिकता वा कार्यप्रकृतिका कारण अन्य कुनै मुलुकको नागरिकता प्राप्त गरेको अवस्थामा समेत, त्यस्ता व्यक्तिहरू तथा तिनका सन्तानले वंशजको आधारमा प्राप्त नेपाली नागरिकताको निरन्तरता कायम रहनेछ।

(२) ब्रिटिस गोर्खाका सन्तानहरू बेलायत लगायत अन्य कुनै देशमा जन्मी त्यहाँको नागरिकता प्राप्त गरेका भए तापनि, उनीहरूले नेपाली वंशजको नागरिकता प्राप्त गर्न चाहेमा त्यस्तो नागरिकता प्राप्त गर्न सक्ने छ।

**४.निष्कर्ष:**

ब्रिटिस गोर्खाहरूको वंशजको नागरिकता निरन्तरतासुनिश्चित गर्नु केवल कानुनी सुधारको विषय मात्र नभई न्याय, समानता तथा ऐतिहासिक सम्मानसँग प्रत्यक्ष रुपमा सम्बन्धित संवैधानिक आवश्यकता हो। यस विषयको उपेक्षा गर्नु उनीहरूको ऐतिहासिक योगदान, राज्य-स्वीकृत सेवा तथा संविधानद्वारा प्रत्याभूत मूल्यमान्यतासँग विपरीत हुने भएकाले यसको तत्काल र प्रभावकारी सम्बोधन अनिवार्य हुन्छ। यस व्यवस्थाको सुनिश्चितताले नेपालको संवैधानिक मूल्य, समावेशीता तथा राज्य–समुदाय सम्बन्धलाई संस्थागत रुपमा सुदृढ र दीगो बनाउनको लागि ब्रिटिस सेनामा संलग्न रहेका गोर्खा र तिनका सन्ततिलाइ नेपालसंग जोडीरहनको लागि माथि उल्लेख गरिएको कारण र औचित्यको आधारमा संविधान संशोधन मार्फत प्रस्तावित प्राबधान अनुसारको ब्यबस्था गरियोस भनि अनुरोधका साथ माग गर्दछौं।

## ब्रिटिस गोर्खा नेपाली नागरिकता निरन्तरता अभियान समिति (BGNCCC - UK / Nepal)



| | | | |
|---|---|---|---|
| Chief Co-Ordinator UK/Nepal: | Mr Santosh Thalang | Co-Ordinator UK/Nepal: | Mr Hari Bahadur Gurung |
| General Secretary UK/Nepal: | Mr Hom Kirat Sunuwar | Co-Ordinator - Nepal: | Mr Phurba Garja Sherpa |
| Vice Co-Ordinator/MediaSec: | Mr Gopal Giri | Vice Co-Ordinator: | Mr Popiraj Rai |
| Vice Co-Ordinator: | Mr Dhan Ghale | Treasurer: | Mr Man Bahadur Limbu |
| Secretary: | Mr Hindu Kumar Moktan | Joint Treasurer: | Mr Guna Raj Rai |
| Joint Media Secretary: | Mr Nayandra Rai | Public Relations: | Mr Dilip Mohora |